# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

| वर्ष-४ | अंक-३२ | २०७६ चैत्र ०५ गते बुधबार | 18 March 2020 Wednesday | मूल्य रू. १०/- |
|---|---|---|---|---|


## पर्यटनको सम्भावना बोकेको त्रिवेणी ओझेलमा

**मिसन न्यूज**

**कालिकोट**

स्थानीय तह निर्वाचनको भएको करिव ३ वर्ष पुग्दा पनि कालीकोटको त्रिवेणी पाटन जानका लागि पूर्वाधार निमार्णमा कुनै प्रयास नभएकाले अथाहा सम्भावना बोकेको सान्नित्रिवेणी गाउँपालिकामा रहेको त्रिवेणी पाटन लगायतका पर्यटकीय क्षेत्र ओझेलमा परेका छन् । समुद्ध सतहदेखि खरिव ४ हजार २ सय १९ मिटरको उचाईमा रहेको पर्यटकीय थलो त्रिवेणी पाटनमा अझै पनि पूर्वाधार निमार्णहुन सकेका छैनन् । धार्मिक रुपमा बडिमालिका जाने बाटो समेत त्रिवेणी पाटन हुर्दै भएकाले पनि साउन शुक्ल पूर्णिमाका दिनबाहेक अन्य दिन त्रिवेणी पाटन सुनसान देखिने गरेको छ ।

त्रिवेणी पाटन जानका लागि सडक, खानेपानी र बासस्थानको राम्रो व्यवस्था नहुँदा पर्यटक नआउने गरेको सान्नित्रिवेणी गाउँपालिका वडा नं ८ का स्थानीय मनराज सिम्खडाले बताए । उनले भने, '४२१९ मिटर उचाइमा रहेको त्रिवेणी पाटन आफैँमा प्राकृतिक मनोरम दृश्य बोकेको स्थल हो ।' त्रिवेणीको प्रचार प्रसार र भौतिक पूर्वाधार निमार्ण हुन नसक्दा ओझेलमा परेको छ । त्रिवेणी पाटनलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न मुम्रा छापे हुर्दै त्रिवेणी सम्मको गोरेटो बाटो, मुम्रामा होमस्टे, छापेमा धर्मशाला निमार्ण



पर्यटकको मनमोह मुम्राको लेकाली भाग । तस्विर : मिसन न्यूज

लगायतका योजना स्थानीय स्तरबाट अघि सारिएको भए पनि पूर्वाधारको लागि सरकारी ध्यान नहुँदा काम हुन नसकेको स्थानीय नमराज बुढाको भनाइ छ । यो ठाउँमा पर्यटकीय पूर्वाधार विकास हुँदा स्थानीयको रोजगारसँगै गरिबी निवारणमा सहयोग पुग्ने अपेक्षाले आफूहरुले स्थानीय स्तरमा नयाँ कार्यक्रम बनाएर सरकारी निकाएमा पेश गरेको भएपनि त्रिवेणीको विकासका लागि चासो नदेखाएको उनको आरोप छ । त्रिवेणीको विकासले कालीकोटको सुन्दरता थप्ने छ । स्थानीय निकाय र केन्द्रीय स्तरबाट यो ठाउँको विकासमा ध्यान दिँदा साविकका ४ वटा गाविस हालका नरहरिनाथ र सान्निवित्रेणीका स्थानीय बासिन्दाको आयस्तर बढ्नेछ । एकातिर ठाउँको चिनारी अकोतिर रोजगारीको सिर्जना हुने भएकाले यसको विकास अपरिहार्य रहेको स्थानीय बिर केसी (हिमशिखर)ले बताए । त्रिवेणी पाटन जादा सान्नित्रिवेणीमा रहेका पर्यटकीय स्थल, पाण्डव गुफा, मेहल्ने छहरा, तिसुली ढुङगा, पञ्चदेवल लगायतका पर्यटकीय क्षेत्रको अवलोकन समेत गर्न सकिन्छ । कर्णाली राजमार्गको जितेदेखि गाडीमा करिव ३६ किलोमिटर यात्रा गरेर ६ घन्टा ठाडो उकालो चढेपछि त्रिवेणी पाटन पुग्न सकिन्छ । कालीकोटमा सामाजिक-साँस्कृतिक पर्यटन, धार्मिक पर्यटन, कृषि पर्यटन, प्राकृतिक

**बाँकी ८ पेजमा.....**

## पर्यटक लागि होमस्टे सञ्चालन

**मिसन न्यूज**

**कालिकोट**

कर्णाली प्रदेशको दुर्गम जिल्लाको सान्नीत्रिवेणी गाउँपालिकामा आन्तरिक र बाह्य पर्यटक बढाउन होमस्टे सञ्चालन गरिएको छ । जिल्लामा पर्यटन प्रबर्द्धन गर्न सामुदायिक होमस्टे सञ्चालन गरिएको हो ।

होमस्टेमा आउने पर्यटकलाई अर्गानिक खानेकुरा खुवाउने तयारी छ । स्थानीय खष कला संस्कृति प्रस्तुत गर्नुका साथै पर्यटकीय स्थलको अवलोकन गराउने गरी प्रबन्ध मिलाइएको त्रिवेणी सामुदायिक होमस्टे व्यवस्थापन समितिका अध्यक्ष मनराज सिम्खाडाले बताए । गाउँपालिकाको पहलमा विभिन्न वडाका १३ वटा घरधुरीलाई समेटेर होमस्टे चलाइएको हो । यहाँ आउने पर्यटकले परम्परागत खरको छाना भएका घरमा बसेर मार्सी धानको खिर, मकैको ढिडो, रोडी, भैंसीको दही, दूध, अर्गानिक तरकारी तथा फलफूलका परिकार खान पाउने व्यवस्था मिलाएको छ । यहाँ आउने पर्यटकलाई कम्तीमा एकलहप्तासम्म रमाएर बस्ने वातावरण बनाइएको अध्यक्ष सिम्खाडाले बताए । गाउँपालिका अध्यक्ष



त्रिवेणी सामुदायिक होमस्टे क्यूरीमा आएका आन्तरिक पर्यटकलाई स्वागत गर्दै स्थानीय । तस्विर : मिसन न्यूज

डम्बरबहादुर शाहीले धर्तीको भूस्वर्गका रूपमा रहेको धार्मिक तथा पर्यटकीय क्षेत्र त्रिवेणी धामलाई लक्षित गरी होमस्टे सञ्चालन गरिएको बताए । त्रिवेणीलाई कर्णालीकै मुख्य पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पहल भइरहेको उनको भनाइ छ । उनका अनुसार त्रिवेणी क्षेत्र धार्मीक आस्थाको केन्द्र हो। यस्तै यहाँ वन्यजन्तु तथा इको टुरिजमको पनि सम्भावना छ । तर संघीय सरकारका सय पर्यटकीय गन्तव्य र कर्णाली प्रदेश सरकारका ४० पर्यटकीय गन्तव्यमा भने त्रिवेणी धाम उल्लेख छैन । यसलाई पर्यटकीय आकर्षणको केन्द बनाउन गाउँपालिकाले रणनीतिक महत्वको योजना निर्माण गरेको छ । होमस्टे सञ्चालक देवनारायण सञ्ज्यालले आगामी वैशाखमा भारतीय पर्यटकको टोलीलाई त्रिवेणी भ्रमण गराउने योजना रहेको बताए ।

## विद्यालयमा शैक्षिक सामाग्री वितरण

**कालीकोट**-जिल्लाको नरहरिनाथ गाउँपालिकाको लालुमा रहेको जनप्रभात माविमा अध्ययनरत विद्यार्थीहरुलाई कर्णाली जेसिज कालीकोटले शैक्षिक सामाग्री वितरण गरेको छ । जनप्रभात माविमा अध्ययनरत विपन्न जेहेन्दार गरिव द्धन्द्धपीडित दलित विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण गरिएको हो । जनप्रभात माविका प्रधानाध्यापक निर्मल कुमार बिष्टको अध्यक्षता कर्णाली जेसिज कालिकोट बर्ष २०२० का अध्यक्ष सविन कुमार बिष्टको प्रमुख आतिथ्यता र कर्णाली जेसिज कालिकोटका कार्यकारिणी उपाध्यक्ष तुलराज पाण्डे, महासचिव हरिश बोगटीको बिशेष आतिथ्यता शैक्षिक सामाग्री वितरण गरिएको हो । शैक्षिक सामाग्री वितरण गदै कार्यक्रमका



प्रमुख अथिति कर्णाली जेसिज वर्ष २०२० का अध्यक्ष सविन कुमार विष्टले बालबालिकाको शैक्षिक गुणस्तर बृद्धिमा सहयोग पुग्ने भएकाले आफुहरुले शैक्षिक सामाग्री वितरण गरेको बताए । उनले कतिपय बालबालिका कापी कलम नपाएरै विद्यालय बाहिर रहनुपर्ने बाध्यता नहोस भनेर आफुहरुले शैक्षिक सामाग्री वितरण गरिएको बताए । शैक्षिक विकासमा विद्यालय र शिक्षक मात्र नभई स्थानीय अभिभावकको अहंम भूमिका हुने भन्दै विकास निर्माणमा पनि सामुहिक हातेमालोको आवश्यकता हरेको औल्याए । खाँली शिक्षा आर्जनका लागि इच्छाशक्ति भए सहयोग गर्ने व्यक्ति र संघ संस्थाहरुको कमी नहुने बताए ।


**हाम्रो अनुरोध**

**सिंचाइ पुर्वाधार,खानेपानीको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौँ । गरिबी न्यूनिकरण गरौँ ।**

**खानेपानी,सिचाई तथा उर्जा विकास कार्यालय**

**कर्णाली प्रदेश, कालिकोट नेपाल**

# सम्पादकीय...

## आर्थिक विकासमा पर्यटन क्षेत्र

मुलुकको आर्थिक विकासको लागि पर्यटन क्षेत्रले महत्वपुर्ण स्थान ओगटेको छ। उसो त सरकारले निर्माण गरेको नीतिमा समेत आर्थिक विकासका लागि पर्यटनलाई महत्वपूर्ण क्षेत्रको रुपमा समावेश गरिएको छ। मुलुकको अर्थतन्त्रको करिब दश प्रतिशत हिस्सा पर्यटन क्षेत्रले ओगटेको छ। पर्यटकीय दृष्टिकोणले नेपाल धेरै सम्भावना बोकेको क्षेत्र हो। प्राकृतिक रुपमा भएका स्रोत साधानहरु र प्राचिन सम्पदालाई मात्रै प्रयोग प्रचार-प्रसार र प्रबर्द्धन गर्न सके नेपालको पर्यटनले कुल ग्राहस्थ उत्पादनको आधा हिस्सा ओगट्न सक्ने क्षमता राखेको छ। जैविक विविधता, प्रकृतिका अनुपम उपहार हिमश्रृंखला, नदीनाला र तलाउका साथै नेपालमा पाईने जमिन र उत्पादनको विविधता पनि नेपालको पर्यटनका आधार हुन्।

तराई पहाड र हिमाली भू-भागमा जमिनको बनावटमा रहेको विविधता र यहाँका कला संस्कृति तथा पौराणिक महत्वका बस्तुहरुले अर्कोतर्फ पर्यटनको विकासलाई टेवा पुऱ्याईरहेका छन्। प्राकृति रुपमा मात्रै नभइ मानवीय विकासका कारण समेत नेपालमा पर्यटकीय क्षेत्र बढ्दै गएका छन्। कालिकोट जिल्लाको सान्नी त्रिवेणीमा रहेको त्रिवेणी धाममा नेपालबाट मात्रै नभइ भारत र तेस्रो मुलुकबाट समेत पर्यटकहरु आउने गरेका छन्। जसका कारण पर्यटन व्यवसायलाई समेत एउटा अवसर प्राप्त भएको छ भने सयौँ व्यक्तिले अप्रत्यक्ष रुपमा रोजगार समेत पाएका छन्।

यसका अलावा पचालझरना, वडिमालिका मन्दिर तथा कालिकोट जिल्लाको विभिन्न क्षेत्रमा स्थापना गरिएका होमस्टे, सबै पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेका छन्। समय बदलिएको छ। भएका संरचनालाई समायानुकुल परिवर्तन गर्ने र पुराना संरचनाको लागि नयाँ संरचनाको निर्माण गर्ने काम नगर्ने हो भने पर्यटनको क्षेत्रमा विकास सम्भव नभएको प्रमाणित यस्ता घटनाले गरेका छन्। पर्याप्त प्रचार-प्रसार र आन्तरीक तथा बाह्रय पर्यटकलाई भित्राउनका लागि प्रकृतिका अनुपम उपहारमा केही कृतिम संरचना निर्माण गर्दा पर्यटनको क्षेत्रमा फड्को मार्न मद्दत गदर्छ। लगानी गरेर पनि त्यसको प्रबर्द्धन गर्न नसक्नाले धेरै सम्भावना लुकेर बसेका छन्। संभावनालाई बाहिर ल्याउन थोरै लगानी र थोरै मेहेनत गर्ने होभने धरै प्रतिफल दिने क्षेत्र पर्यटन हो भनेर सबैले बुझ्नु जरुरी छ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# काँग्रेस लाग्यो घर फर्काउ अभियानमा

**मिसन न्यूज**
**कालिकोट**

नेपाली काँग्रेस जिल्ला कार्य समिति कालीकोट घर फर्काउ अभियानमा लागेको छ। विभिन्न समयमा नेपाली काँग्रेस पाटी परित्याग गरि अन्य पाटीमा प्रवेश गरेका काँग्रेसका कार्यकतालाई घर फर्काउ अभियानमा कालीकोट काँग्रेस लागेको छ। नेपाली काँग्रेस जिल्ला कार्य समिति



कालीकोटले २०७५ सालमा काँग्रेस परित्याग गरि नेकपामा प्रवेश गरेका जिल्लाको शुभकालीका गाउँपालिका-४ साविकको सुकाटिया गाविस उपसभापति नरजंग शाहीलाई काँग्रेसले पुन घर मा प्रवेश गराएको छ। नेपाली काँग्रेस जिल्ला कार्य समिति कालीकोटका सभापति हर्षबहादुर बमले शाहीलाई पुरानो घर काँग्रेसमा फर्काएका हुन्।

काँग्रेस पाटीमा स्वागत गर्दै सभापति बमले अव काँग्रेसको संगठन सुदृढिकरणमा लाग्न सुझाव दिए। उनले अव शुभकालीकामा काँग्रेसलाई बलिया बनाउन शाहीले महत्वपूर्ण भुमिका निर्वाह गर्नुपर्ने बताए। नेपाली काँग्रेसको संगठन बलियो बनाउने नै गाउँ कार्य समिति भएकाले शुभकालीकामा काँग्रेसले नमुना संगठन बनाउनेमा आफु विश्वस्त रहेको बमले बताए। उनले आफ्नो पुरानो घर सम्झेर आएकोमा पूर्व गाविस उपसभापति शाहीलाई अविर र खादाले स्वागत गरेका थिए। पाटीमा भएको सानो मनमुटावले आफु नेकपामा गएको भएपनि पुन आफ्नै घरमा फर्केको नरजंग शाहीले बताए। उनले 'आफु नेकपामा गइसकेपछि पनि वडा सल्लाहकारमा र खेको सुनेको थिए म खुलेरै नेकपाको पाटीमा गएको थिएन आफ्नै पाटीबाट केही असन्तुष्ट भएर बसेको थिए।' शाहीले भने, 'अव आफ्नै घरमा आएको छु, आफ्नै बारी खनेर खानेछु।' नेपाली काँग्रेसको शुभकालीकामा संगठन विस्तार मा आफु तल्लिन भएर लाग्ने शाहीले बताए। आगामी निर्वाचनमा शुभकालीकामा काँग्रेसलाई पहिलो पाटी बनाउनका लागि आफुले सकेजति मेहनत गर्ने प्रतिवद्धता समेत गरे। उनले अहिले नेकपाले जनताको हितमा काम गर्न नसकेकाले पनि आफु आफ्नै घरमा फर्केको बताए। कार्यक्रममा नेपालीका काँग्रेसका जिल्ला कार्यसमिति कालीकोटका सदस्य मीनबहादुर बोगटी, नन्दबहादुर शाही घमन, नेपाली काँग्रेसका नेता अम्मबहादुर शाहीलगायतका नेता कार्यकताको उपस्थिति रहेको थियो।

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# वाल्यकालमै क्रान्तिमा होमिएकी उपाध्यक्ष आशा



मनशोभा वुढा (आशा)

वाल्यकालमै क्रान्तिमा होमिएकी उपाध्यक्ष आशा समाजमा रहेका विकृती, विसंगति र अन्यायका विरुद्ध आवाज उठाउदै आएकी मनशोभा वुढा(आशा) सानै उमेरमा क्रान्तिमा होमिएकी एक उर्जाशिल क्रान्तिकारी महिला हुन् । कालीकोट जिल्लाको नरहरी नाथ गाउपालीका वडा नं ३ कुमालगाँउ भरातामा वावु अमरे वुढा र आमा गोरी वुढावाट २०४२ साल माघ ५ गते जन्मेकी आशा ६जना सन्तान मध्यकी माईली छोरी हुन् । प्रविणता प्रमाणपत्र तह सम्म अध्ययन गरेकी आशा २०६३ वैशाखमा नरहरीनाथ वडानं ४ भाटगाउ निवासी रामवहादुर वुढा(कदम)सँग तत्कालीन नेकपा माओवादी पार्टीमै जनवादी विवाह गरी वैवाहित जिवनमा वाधिन् भयो । कर्णालीको थवाङ भनेर चिनिने तत्कालीन ५ नम्बर क्षेत्र र अहिलेको नरहरिनाथ गाउपालिकामा माओवादी जनयुद्धको प्रभाव सँगै २०५४ सालमा विद्यार्थी संगठन अखिल क्रान्तिकारीको ईकाई कमिटीवाटआशाले राजनीति जीवन सुरु गरेकि हुन् २०५६ सालमा रमा माध्यमिक विद्यालय कुमालगाउको प्राङ्गक सचिव भई विद्यार्थीहरुलाई एकीकृत गरी संगठन निर्माण गर्दै २०५७ साल जेठ २ गतेवाट सर्वहारा श्रमजीवी जनताको मुक्तिको लागि जिवनलाई वलिदानि दिन लालझण्डा उठाउने कसम खादै महान जनयुद्धको वाटो रोजिन् ।

२०५७ जेठमा भुमिगत भएकी उनी कार्तिकमा अनेरास्ववियु क्रान्तिकारी जिल्ला कमिटी कालिकोटको सदस्य २०५८ फागुनमा कोषाध्यक्ष, २०५९ कार्तिकमा उपाध्यक्ष,सेतिमहाकालि क्षेत्रीय समन्वय समितिसदस्य, सेतिमहाकालि छात्रा विभाग प्रमुख तथा केन्द्रीय सदस्यको जिम्मेवारी वहन गरी सकेकी छन् राजनिति यात्रामा आशा कर्णालिको भुमि देखि सुदुरको भुमि सम्म विद्यार्थी तथा अन्य जनसमुदायलाई गोलवन्द गर्दै जनयुद्धमा समाहित हुनका लागि नेतृत्व दायि भुमिका निर्भा गर्दै आईन यसरी विद्यार्थी र पार्टी राजनीतिलाइ सगसगै लगेकी आशाले २०६० सालमा नेकपा माओवादी जिल्ला कमिटी कालिकोटको सदस्य २०६१ सालमा अनेमसंघ क्रान्तिकारी कालिकोटको अध्यक्ष र २०६६ सालमा केन्द्रीय सदस्यको जिम्मेवारी प्राप्त गरिन् । आशाका जनयुद्धीय जिवनका अधिकांश दिनहरु धेरै कष्टकररुपमै विते आमावावुको काखमा वसेर रमाइला दिनहरु विताउने उमेरमा भुमिगत हुदा प्रसस्तै दुख कष्ट र पिडा पाए पनि देशमा आएको लोकतान्त्रिक गणतन्त्रात्मक जनताको शासनले सवै दुख पिडाहरु विर्साएको वताउछिन् कहिले भेरि कर्णालीत कहिले सेतिमहाकालिका वस्तिहरुमा रात दिन नभनि कयौ पटक भोकभोकै वर्गीय मुक्तिका लागि पैताला कुदाएकोआशा अहिले पनि ति दनहरु झझल्की सम्झिरहन्छिन् । लामो समय वर्ग संघ्रष गरेकी आशाले पार्टी र राज्यवाट जनताको सेवा गर्ने केही अवसरहरु पनी प्राप्त गरिन २०६८ सालमा नेपाल सरकारको मन्त्री स्तरीय निर्णयवाट दुर्गम विकास क्षेत्रको सदस्य र २०७४ सालमा नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका तर्फवाट नरहरिनाथ गाउँ पालिका उपाध्यक्षमा विजयि भएकी छन् । गाउपालीका उपाध्यक्ष नहुनु भन्दा पहिला गरिव, विपन्न, दलित र महिलाको मुक्ति र अधिकारको लडाइ लड्दै आएकि उशा उपाध्यक्ष भए पछि नरहरिनाथका पछाडि पारिएका गरिव, विपन्न, दलित र महिला वर्ग समुदायको सारथी वनेकी छन् । अहिले उनिहरुका हरेक खाले समस्यामा साथ दिदै उनीहरुका अधिकार स्थापित गर्न र सेवा सुविधामा जोड्न प्रत्येक्ष लागि परेकि छन् ।

हाल नेपाल कम्युनिष्ट पाटिं नेकपा कालीकोटकी जिल्ला कमिटि सदस्य आशाले राजनिति गर्दे आएको कालीकोटको नरहरीनाथ वाम्पन्तिको लालकिल्ला भनेर चिनिने गर्दछ । पचायतकाल देखि हाल सम्म वाम्पन्तिको वाहुलिएता देखिने यो ठाउले पुर्व मन्त्री हाल विप्लव नेकपाका नेता खड्क वहादुर विश्वकर्मा, पुर्व मन्त्रि हाल विप्लव नेकपाका नेता नविन विश्कर्मा, एटम विसी, राष्ट्रिय सभा सदस्य नेकपाका नेता जिवन वुढा,नेकपाका नेता विष्नु विक लगाएतका दजनौ नेता र सयौ कार्यकर्ता जन्माएकोमा आशा धेरै खुसी व्यक्त गर्दछिन् भने जनयुद्धमा नरहरीनाथका वलिदान दिने सयौ शहीद र अंगभंग घाइते हुने योद्धाहरुको सपना पुरा गर्ने अठोट पनी गरिरहन्छिन् । राजनितिक यात्राकै क्रममा हेल्भटास नेपालले नरहरीनाथमा गरेका विकास निर्माणका कामहरुमा महिलाहरुको पहुँच र पाएको सुविधावारे अन्तराष्ट्रिय महिला सम्मेलनमा नेपाली महिलाको तर्फवाट जानकारी गराउन हेल्भटास नेपालको समन्वयमा स्वजरल्याण्डको भ्रमण समेत गरीसकेकी छन् ।

# सुनको सिरानिमा सुन्दर सपनाहरू



विवश कुमार सेजुवाल

सायद त्यो बेलामा मेरो उमेर ११ वर्षको हुँदो हो । जतिबेला मेरो स्कुले जीवन चलिरहेको थियो। ११ वर्षको उमेरमा मेरो खुट्टामा चप्पल पर्यो । मलाई भन्दा बढी खुसी बाबालाई मिल्यो । किनकि मेरो उमेरका सबै साथिहरु खालि खुट्टा गोठालो गइरहेका हुन्थे । मेरो बाबालाई लाग्यो होला मैले पहिलो पटक छोरालाई हात्ति छाप चप्पल किनिदिए र खुसी भए । मेरो बाबाको पुस्ता चप्पल लगाउन पाउँदा खुसी थियो। तिनै बाबालाई आज 'कर्णाली सुन बेच्ने थलो हो' भन्ने थाहा पाए कति खुसी मिल्दो हो। 'कठै ! सुन बेच्ने कर्णाली सँग नुनको भोक कहिले मेटिएला...' रहरहरु कसका नहुँदा हुन् ।

मेरापनि अनेकौं थिए। तर, ईच्छाहरु पुरा हुनको लागि बाबाको चाउरी परेको अनुहार हेर्नुपर्ने बाध्यता मेरोमात्र होइन सिंगो कर्णालीको आज पनि छ । कर्णालीमा सपनाहरु नफुल्ने होईनन् तर फुलेको सपनाहरु फकिन नपाउँदै बगैंचा उखेलिनुले आज पनि कर्णालीको पीडा ज्यूँ को त्यूँ छ। उखेलिएको बगैंचाको मालि म त प्रतिनिधि पात्र मात्रै हुँ । तर, यस्ता पात्रहरु कर्णालीमा हजारौं भेटिन्छन्, अहिलेपनि । यो संस्मरणमा म त्यही कर्णालीको वासिन्दा र कर्णालीको विकासका लागि कलम चलाइरहेको पत्रकार बनेर प्रस्तुत भएको छु। कहिल्यै सोचेको थिइँन, पत्रकार भएर मैले आफै आफ्नो कर्णालीको अनुभुति कर्णाली भन्दा बाहिरका मान्छेहरुको जस्तो गरेर आगन्तुक बनेर लेखुँला बनेर । समयले मलाई सोही ठाउँमा ल्याइदियो । मेरो बाबाले मलाई खुट्टामा चप्पल लगाइदिँदाको खुसीसँग कर्णालीका हिमाली भेगका मानिसहरुसँग 'कर्णालीका तुमि मान्ठ कसरी कर्णालीको हिमाली भेगमा बस्याका हौला' भनि प्रशन गर्न पाएँ । केहीदिन अघिमात्र कर्णालीको विकट हिमाली जिल्ला 'हुम्ला' पुग्ने अवसर मिल्यो । अवसरका लागि कर्णाली प्रदेश सरकार र विशेषतः माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाहीप्रति हार्दीक आभार व्यक्त गर्न चाहन्छु। 'हाम्मा कुरा, हाम्मा मुख्यमन्त्री' कार्यक्रमको सिलसिलामा प्रदेश सरकारले मलाई हुम्ला पुग्ने अवसर मिलाएको थियो। जहाँ, मलाई पहिलोपटक साँच्चैको कर्णाली अनुभूति गर्न पाएँ । अभाव केहि थिएन तर, आवाश्यकता अनेकौं थिए । मुख्यमन्त्री शाही त्यही आवश्यक्त परिपूर्ती गर्नका लागि प्रतिबद्धता जनाइरहेनुभएको थियो । मुख्यमन्त्री शाहीले सरकारको प्रतिनिधित्व सहित गरेका प्रतिबद्धता पूरा होलान नहोलान् हेर्न बाँकी छ। तर, उनले ती प्रतिबद्धता गर्दैगर्दा हुम्लीवासिहरुको अनुहारमा केही खुसीका धर्साहरु थपिएको मैले सहजै अनुमान लगाएँ । 'हाम्मा कुरा, हाम्मा मुख्यमन्त्री' कार्यक्रममा कर्णाली प्रदेशका मुख्यमन्त्री शाहीसँग प्रत्यक्ष अन्तरसंवादमा । र सोचेँ, हुम्लीवासिहरु अझै विकासको प्यासी छन्, भोका छन् । उनीहरु भन्थे, 'सिहंदरबार गाउँमा आयो भन्ने हल्ला हो की जस्तो लागेको थियो,तर वास्तविक सरकार गाउँमा आएको रहेको छ ।' सधैं आश्वासन खेप्न बाध्य भएका हुम्लीवासिहरुको लागि सरकार आफ्नै आँगनमा आएको अनुभूति भएको थियो,मुख्यमन्त्री शाहीले 'हाम्मा कुरा, हाम्मा मुख्यमन्त्री' कार्यक्रममा आफ्ना प्रतिबद्धता भन्दै गर्दा । केही केही सपनाहरु आफैलाई चित्त नबुभ्नेगरी आइलागेका हुन्छन् । तर, सपनाहरुले जीवन बाँच्ने कला भने सिकाएको हुन्छ । 'कर्णालीमा सुन बेचेर नुनको जोहो' भन्ने खबर सुन्न लागेको धेरै भयो ।

शताब्दिऔं बितिसक्दापनि कर्णालीको अवस्था उही छ, भोगाई उही छ, भोक उस्तै, इच्छा उस्तै ! तर, भ्रममात्रै बदलिएको कर्णालीमा बाँच्नुको कति दुःख छ, त्यो त बाहिरबाट कर्णालीलाई पढ्नेहरु भन्दा कर्णालीको भुगोल भित्र रहेकालाई झनै धेरै थाहा होला। पछुतो जीवनमा कहिल्यै पनि लागेन, बरु रहर निरन्तर लागिरयो । जीवनबाट हार खानेहरुले एकचोटी मात्रै कर्णालीको जीवनलाई पढ्न पाए उनीहरु बाँच्नका लागि कति रहर गर्दाहुन ? भन्ने प्रश्न मेरो मनमा हुम्ला पुगेपछि जन्मियो । यहाँ भारी बोक्नु ठुलो होइन । भारी त चौरी छच्चडले पनि बोकिरहेका हुन्छन्, तर उनीहरुले भारी बोकेर खान जानेका हुँदैनन् । सिक्नुपर्ने हामीबाट छ जति भारी बोक्छौ त्यति जीवन पाल्नको लागि जीवनलाई सजिलो बनाएका हुन्छौं । कर्णालीका मनहरु यो आवाज कसले सुनिदिने ? 'कठै सुन बेच्ने कर्णालीका दुःखमा नुनको भोक कहिले मेटिएला...' के छैन आँगनमा सबै थोक

बाँकी ६ पेजमा.....

# दुर्घटना वीमा कार्यक्रम चैत एक गते देखि लागु

मिसन न्यूज
सुर्खेत



कर्णाली प्रदेश सरकारले कर्णालीका १७ लाख ७० हजार नागरिक र कर्णालीमा कार्यरत राष्ट्रसेवक कर्मचारीको एक करोड पचास लाख ९ हजार ६ सय रुपेंया खर्चेर प्राकृतिक विपद जोखिम सामूहिक दुर्घटना वीमा कार्यक्रम चैत एक गते देखि लागु गरेको छ। यो कार्यक्रमका लागि सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रति व्यक्ति आठ रुपैंया ४८ पैसा प्रति वर्ष लगानी गर्ने र त्यसबाट विपदमा परि ज्यान गुमाएका कर्णालीका नागरिकले प्रतिथ व्यक्ति रु दुइ लाख पाउने भएका छन्।

मन्त्रालयले सरकारी स्वामित्वमा रहेको राष्ट्रिय वीमा कम्पनी लिमिटेड सँग विहीबार सम्झौता गरेको हो। कर्णालकि जनताको वीमा गर्ने र दुर्घटनामा परि कसैको मृत्यू भएको खण्डमा राहत रकम स्वरुप एक लाख रुपैंया उपलब्ध गराउने गरी असोज एक गते नै कम्पनी सँग सम्झौता भएको भएपनि राहत रकम बढाउन र कर्मचारीलाई समेटनकालागि यो सम्झौता गरिएको आन्तरिक मामिला तथा कानून मन्त्री नरेश भण्डारीले बताए। 'हामीले पहिले गरेको सम्झौता अनुसार कर्णालीका १७ लाख ७० हजार जनताको दुर्घटनाको वीमाका लागि प्रतिव्यक्ति सात रुपैंयाका दरले एक करोड २३ लाख ९० हजार तिर्नुपर्ने थियो।' मन्त्री भण्डारीले शुक्रबार विहान आयोजित रैवारेसँग हाम्मा कुडामा बोल्दै भने, 'त्यसमा २६ लाख १९ हजार ६ सय रुपैंया थप गरेर वीमित व्यक्तिले दुइ लाख रुपैंया पाउने व्यवस्था गरेका छौं। यो रकमले पीडामा परेका हरेक नागरिकलाई ठूलो राहत हुने सरकारको अपेक्षा छ। समाजवादी अभ्यासको रुपमा यो कार्यक्रम लागु गरेका हौं।'

कर्णाली प्रदेश सरकार र राष्ट्रिय बीमा कम्पनी लिमिटेडबीच कर्णाली प्रदेशका सबै नागरिकको संशोधनसहित दोश्रो पटक फागुन २९ गते 'दुर्घटना बीमा' गर्ने सम्झौता भयो। एकैपल्ट सामूहिक रुपमा सबै नागरिकको दुर्घटना बीमा कसरी सम्भव भयो ? कर्णाली प्रदेश सरकारले १७ लाख ७० हजार जनताको विपदबाट हुने दुर्घटना बीमा गरेको छ। यो बीमा गर्दा सरकारले बीमा कम्पनीलाई प्रतिव्यक्ति ८ रुपैंया ४८ पैसा शुल्क तिर्नुपर्छ। सरकारले ८ रुपैयाँ ४८ पैसा तिर्दा बीमाको क्षेत्रभित्र पर्ने अवस्थामा बीमा कम्पनीले लाभान्वितलाई दुइ लाख रुपैयाँ दिने व्यवस्था गरिएको छ। सम्झौतामा बीमा पनि गरिएको छ, घर बीमा। कर्णाली प्रदेशभित्र विपद्को उच्च जोखिममा रहेका १० हजार घरपरिवारलाई समेटेर घर बीमा गरिँदैछ। घर बीमा गर्दा प्रदेश सरकारले बीमा कम्पनीलाई प्रतिघर ५ सय रुपैयाँ शुल्क तिर्नेछ। विपदबाट घर नष्ट र घरभित्रै परिवारका सदस्यको मृत्यु भएमा प्रतिघर, मानिस ५ लाख रुपैयाँका दरले परिवारलाई बीमा रकम भुक्तानी गरिने व्यवस्था गरिएको छ। तर यसका लागि हालसम्म हरेक जिल्ला विपद व्यवस्थापन समितिले विपदको उच्च जोखिममा रहेका घरका मालिकहरुको नाम सहित पूर्ण विवरण पठाउन नसकेका कारण ओझेलमा परेको छ। यहि वर्ष उक्त कार्यक्रमको पनि कम्पनीसँग सम्झौता हुने मन्त्री भण्डारीको भनाई छ। राष्ट्रिय बीमा कम्पनीका कार्यकारी अधिकृत डिल्लीराज अर्यालले बीमा कार्यक्रम अन्तर्गत प्राकृतिक प्रकोप भन्नाले भूकम्प, बाढी र जलमग्न, पहिरो र जमिन धसिने वा भाँसिने, हावाहुरी तथा आँधीबेहरी, चट्याङ्ग, आगलागी, हिउँ र असिनालाई प्रकोप मानिएको बताए। यसका अतिरिक्त सामूहिक आगलागी र वन डढेलोका कारण हुने हानी नोक्सानी पाएकालाई क्षतिपूर्ति दिने व्यवस्था गरिएको उनको भनाई छ। बीमालेख अन्तर्गत बीमकले जानीजानी आफैंले लगाएको चोटको कारणबाट, आत्महत्या वा यसको प्रयास, मादक पदार्थ वा लागूऔषधको प्रभावका कारण, गैरकानूनी तरिकाले उडेको उडानबाट, खतरनाक खेलहरू जस्तैः घोडादौड, बन्जी जम्पिङ्ग, प्याराग्लाइडिङ, मोटरसाइकल रेस, पागलपन, बीमितले कुनै प्रचलित कानून भंग गरेको कारणबाट, पूर्व निर्धाप्रति युद्ध, हुलदंगा, अतिक्रमण, क्रान्ति भएको कारणबाट भएको क्षति, आणविक विकिरणबाट भएको क्षति, विपद्जन्य घटनाबाहेक अन्य दुर्घटनाबाट भएको, (नेपाल सरकारले विपद् भनी घोषणा तथा परिभाषित गरिएकोभन्दा बाहेकको कारणबाट), कुनै रोगको कारणबाट महामारी फैलिएर हुन जाने मानवीय क्षति भएको खण्डमा भुक्तानी पाउने छैनन्। यी बाहेक अन्य दुर्घटना भएको खण्डमा बीमित व्यक्तिले क्षतिपूर्ति पाउने गरी कम्पनीसँग सम्झौता गरिएको प्रदेश सरकारका वीमा विज्ञ सुकल्याण पराजुलीले बताए।

जोखिमग्रस्त क्षेत्रका आवासीय घरको सम्पत्ति र घर बीमा अन्तर्गत कर्णाली प्रदेश भित्रका १० (रूकुम पश्चिम, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख र सुर्खेत) जिल्लाका जोखिमग्रस्त क्षेत्रमा रहेका १० हजार निजी आवासीय भवनको सम्पत्ति बीमा अन्तर्गत घर बीमा गरिने अन्तिम तयारी भइरहेको आन्तरिक मामिला तथा योजना मन्त्री नरेश भण्डारीले बताए। 'यस बीमा कार्यक्रम अन्तर्गत बीमा गरिने निजी आवासीय भवनको बीमांक रकम प्रतिभवन बढीमा ५ लाख रुपैयाँ कायम गरिएको छ। यो नै घोषित बीमांक हुने र यस्तो बीमांकमा दाबी परेको खण्डमा औसत शर्त लागू गर्न नपाइने व्यवस्था गरेका छौं,' उनले भने, 'बीमा गरिने निजी भवनहरू जुन श्रेणीको भएपनि न्यूनतम बीमा शुल्क ५ सय प्रतिभवन प्रतिवर्ष लाग्ने सम्झौता गरेका छौं। बीमा गरिने १० हजार भवनको वार्षिक बीमा शुल्क र सोमा

बाँकी ८ पेजमा.....

## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# असिनापानीले तरकारीमा लाखौंको क्षति

मिसन न्यूज
सल्यान

सल्यानमा राति देखि आएको असिना पानीले लाखौँ मूल्य बराबरको तरकारी नष्ट भएको छ।



कपुरकोट गाउँपालिकाका सम्पूर्ण वडामा असिनापानीले लाखौँ रुपैयाँ बराबरको तरकारी तथा फलफूलमा क्षति पुऱ्याएको हो। कपुरकोट बेमौसमी तरकारीको लागि परिचित छ । आम्दानीको मुख्य स्रोतका रूपमा रहेका तरकारी असिनापानीले पूर्णरूपमा नष्ट गरेको किसान ओजबहादुर खड्काले बताए ।

तीन रोपनी जमिनमा लगाएको लसुन सखाप भएको उनले बताए । यस्तै, कपुरकोट ३ पाखापानीका किसान भीमबहादुर बढाले आफ्नो १ लाख ५० हजार बढीको तरकारीमा क्षति पुगेको बताए । 'हाम्रो मुख्य पेशा भनेकै यहि तरकारी खेती थियो' उनले भने '६ रोपनीमा लगाएको काउली, टमाटर, केराउ सबै खत्तम भयो ।' तरकारी खेतीमै निर्भर रहेका कपुरकोट क्षेत्रका किसानलार्य असिनापानीले ठुलो क्षति पुर्रुयाएपछि परिवार कसरी पाल्ने भन्ने चिन्ताले पिरोल्न थालेको कपुरकोट ५ का किसान टोपेन्दै केसीले बताए । गतवर्ष पनि क्षति व्यहोरेका किसानले स्थानीय सरकार तथा राज्यबाट कुनै पनि राहत पाउन नसकेको किसानले गुनासो गरेका छन् ।

# समृद्धिको ताल्चा खोल्ने साँचो कर्णालीमा : मन्त्री भन्डारी

मिसन न्यूज
सुर्खेत

कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री नरेश भण्डारीले समृद्धिको ताल्चा खोल्ने साँचो कर्णालीमा रहेका बताएका छन् । काठमाडौंमा पत्रकारसँग कुरा गर्दै मन्त्री भण्डारीले भने, 'समृद्धिको साँचो कर्णाली हो । समृद्धि प्रयत्न गरिरहेको उनको दाबी छ । तर, नयाँ संरचनामा बामे सर्दै गर्दा छोटो समयमा जनताका अपेक्षाहरु पूरा हुन नसकेको मन्त्री भण्डारीले स्वीकार गरे । 'केन्द्रीकृत सोच नभत्काए समृद्धि झाँगिने अवस्था छैन,' उनले भने,'बामे सर्दै गर्दा जनताका आकांक्षा पूरा हुन सकेनन् कि ? तर पूरा हुन्छ । समय लाग्छ ।' प्रदेश सरकारले



कर्णालीकै साँचाले खोल्न सक्छ ।' कर्णालीमा समृद्धिको सम्भावना रहेको तर चुनौती अझै बढी रहेकोले 'अभाव कर्णाली'को परिभाषा बदल्न सके मात्रै समृद्धि सम्भव रहेको मन्त्री भण्डारीको भनाइ छ ।

कर्णालीले प्रचुर सम्भावना र भयानक गरिबीको विरोधाभाषविरुद्ध लड्नु परिहेको भन्दै उनले नेपालको परिभाषा बदल्न चाहनेहरुले एकपटक कर्णालीको अध्ययन गर्नु जरुरी भएको बताए । कर्णालीको भयानक गरिबी हटाउँदै जाने र समृद्धिका लागि प्रदेश सरकारले अहिले इमान्दार ल्याएको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन भइरहेको र प्रदेश योजना आयोगले पनि योजना तयार पारिसकेको उनको भनाइ छ। तर, कर्मचारी खटनपटनका कारण अपेक्षित उपलब्धि हासिल गर्न गाह्रो परेको मन्त्री भण्डारीले बताए । दुई वर्ष वितिसक्दा पनि 'पाहुना कर्मचारी'ले काम चलाउनु परेकोले संघीय निजामती ऐन छिटो पारित गर्न माग गरे । कर्णालीलाई निजामती कर्मचारीको जेलका रुपमा लिइएकोले विशेष प्याकेज घोषणा गर्दा पनि कर्मचारी जान नमानेको उनको भनाइ छ ।


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# कक्षा ८ को परिक्षा एसईइ मोडेलमा

**मिसन न्यूज**
**कालिकोट**

जिल्लाको पचालझरना गाँउपालिकाले कक्षा ८ को परीक्षालाई व्यवस्थित रुपमा संचालन गरेको छ। गाउँपालिकाले पालिकाभरीका बिद्यार्थीहरुलाई चार वटा परीक्षा केन्द्र तोकी एसइइ मोडेलमा परीक्षा दिने व्यवस्था पचालझरना गाउँपालिकाले मिलाएको छ । जिल्लामा एसइइ परीक्षाको मोडेलमा पचालझरनाले कक्षा ८ को परीक्षा लगेको हो। गाँउपालिकामा रहेको सरस्वती मावि सिकु, पंगेली मावि नुवाघर, सरस्वती मावि भिटा र ज्ञानोदय मावि राम्नाकोटलाई परीक्षा केन्द्र तोकिएको छ। रामबल यादव, नरबहादुर बराल, रामचन्द्र उपाध्याय र टिका उपाध्यायलाई केन्द्राध्यक्षका रुपमा गाउँपालिकाले खटाएको छ । पालिकाका जनप्रतिनिधिहरु र शिक्षा शाखाबाट सबै ठाँउमा नियमित निरीक्षणको काम पनि भईरहेको शिक्षा शाखा प्रमुख शाहीले बताए । नियमित शिक्षण सिकाई क्रियाकलाप र परीक्षा प्रर्णालीलाई व्यवस्थित गरी उल्लेख्य रुपमा बिद्यार्थीको सिकाई उपलब्धी हासिल गर्ने उनको भनाई छ।



कक्षा ८ को परीक्षालाई व्यवस्थित रुपमा संचालन गरेको हो । गाँउपालिका शिक्षा शाखा प्रमूख नमराज शाहीले कक्षा ८ को परीक्षालाई पनि एसइइ मोडेलमा लिएर परिक्षा संचालन गरिरहेको बताए ।

उनले कक्षा ८ को परीक्षाको लागि गाउँपालिकाका ४ वटा विद्यालयमा केन्द्र तोकेर परीक्षा संचालन भईरहेको जानकारी दिए । एक विद्यालयका बिद्यार्थी अर्को बिद्यालयमा रहेको परीक्षा केन्द्रमा

# सुनको सिरानिमा......................

पुगेको छ तर आवाश्यकता परिपूर्ति नभएर पो यहाँ मन दुखेको छ। मैले सबै अनुभूति गरेर त्यहि हुम्लाको पीडा हुम्लाका पूराना नेता तथा पूर्वमन्त्री जीवन बहादुर शाहीलाई यहाँको आवश्यकता र आफूले गरेको अनुभूतिबारे हुम्लाबाटै फोन गरेर सुनाएँ ।

कर्णाली बनाउन नसकिएकोमा आफैं पछुतो छ भन्दै आफ्नो पीडा उहाँले सुनाउनुभयो । कर्णाली सुर्खेतको घेरामा गाँसिएको छैन, कर्णाली हुम्लामा पनि छरिएको अनुभूति गर्न सबैलाई आग्रह गर्नुभयो । बाँच्नु ठूलो कुरा छैन कर्णालीमा । बाँचेर केहि गर्नु ठूलो छ यहाँ। सुनको सिरानिमा सुन्दर सपनाहरु देखिएका छन् तर ती सपनाहरु पूरागर्ने चिन्ता कसैलाई छैन्। 'हुम्लामा हामी छौं, जुम्लामा हामी छौं' भन्ने सुनाउनको लागि कसैले रैवार बोक्न सकिरहेका छैनन् त्यसैले हो कर्णाली आफैं रोईरहेको छ अब सबैले प्रण गर्नुपर्छ, 'सुन बेच्ने कर्णालीका पीडासँग नुनको मोल कसैले गर्नुहुँदैन् । बरु, एकपटक अरुले लेखिदिएको कर्णालीको गीत आफूले संगीत भरेर गाउनुभन्दा आफैं लेखेर आफैं देखेर कर्णालीको गीत लेखेर अरुलाई गाउन लगाउनु कर्णालीका लागि न्याय होला । त्यसैले एकपटक कर्णाली पुगौं, यहींबाट मेरो सादर अनुरोध, एकपटक हामी सबैले कर्णाली पुगेर यहाँको बारेमा सोच्ने की ? यार्सान्यूजबाट


## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**



## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

**कृषि ज्ञान केन्द्रको कार्यालय**
**कालिकोट**


## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**


## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

**पचालझरना गाउँपालिका**
**गाउँ कार्यपालिकाको, कार्यालय**
**कालिकोट**


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

## ५ वर्ष पुग्न लाग्दा पनि बनेनन् पुरातात्विक सम्पदा

मिसन न्यूज

काठमाडौं

भूकम्प गएको करिब ५ वर्ष पुग्न लाग्दा पनि ऐतिहासिक तथा पुरातात्विक सम्पदाको पुनर्निर्माण सन्तोषजनक रूपमा अघि बढ्न सकेको छैन। ठूला र महत्वपूर्ण सम्पदाहरूको पुनर्निर्माण हुन नसक्दा त्यसभित्र रहेका स-साना सम्पदाको पुनर्निर्माण भने ओझेलमा परेको छ। २०७२ साल वैशाख १२ मा गएको भूकम्पमा नौ सयभन्दा बढी सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूकमा क्षति पुगेको थियो। हाल १८३ सम्पदा विभिन्न निकायले पुनर्निर्माण गरिरहेका छन् भने बाँकी ७ सयभन्दा बढी पुरातत्व विभागले पुनर्निर्माण गरिरहेको छ। भूकम्पले क्षति पुऱ्याएका भइरहेको छ। दरबार क्षेत्रभित्रका नारायण मन्दिर, मजु देग, लक्ष्मीनारायण मन्दिर, नौ खुड्किला र तीन तलाको मजु देगल लगायतका मन्दिर भत्किएका छन् भने यी मन्दिरमा जाने ढोकाको ताला लगाएर बन्द गरिएको छ। यसरी भत्किएका मन्दिरलाई टेकोले अड्याएर राखिएको पुरातत्व विभागका प्राविधिक शाखा प्रमुख सम्पत घिमिरेले जानकारी दिए। हाल हनुमानढोका दरबार क्षेत्र भित्रका अन्य दुई सम्पदाहरू पुरातत्वले पुनर्निर्माण गरिरहेको घिमिरेको भनाइ छ। हाल पुनर्निर्माण भइरहेका सम्पदामा दशावतार र छयासिङ देगु रहेको छ। बसन्तपुर दरबार क्षेत्रमा मात्र नभएर अन्य धेरै ठाउँमा ठूला सांस्कृतिक सम्पदा भित्र रहेका अन्य सम्पदाको पुनर्निर्माणको



अस्पताल, निजी अवास, विद्यालय पुनर्निर्माणको तुलनामा सम्पदा पुनर्निर्माण निकै कम रहेको छ। त्यसमाथि पनि पुनर्निर्माण भइरहेका सम्पदामा नाम चलेका र ठूलाको मात्र काम अगाडि बढ्दा ती सम्पदाभित्रका अन्य देवल, मन्दिर लगायतका क्षतिग्रस्त सम्पदाको पुनर्निर्माण सुरु पनि हुन सकेको छैन। यसरी भूकम्पले क्षति पुऱ्याएका मध्ये ३ सय साना सम्पदाहरू रहेका छन्। पशुपतिनाथ, स्वयम्भु, हनुमानढोका दरबार क्षेत्र, रानीपोखरी, लगायतका सम्पदाहरू कुनै पुनर्निर्माण भइसकेका छन् भने कुनै अन्तिम तयारीमा छन्। तर यसभित्र रहेका साना सम्पदाहरूको पुनर्निर्माणको हुन सकेको छैन। बसन्तपुर दरबार क्षेत्रभित्र रहेको प्रमुख सम्पदा मानिएको काष्ठमण्डपको अहिले धमाधम पुनर्निर्माण काम अगाडी बढ्न नसकेको विभागको भनाइ छ। सांस्कृतिक र ऐतिहासिक महत्व बोकेको पशुपतिनाथ मन्दिर भित्रपनि धेरै साना सम्पदाहरू पुनर्निर्माण हुन नसकेको शाखा प्रमुख घिमिरेले बताए।

पशुपति भित्र रहेका विभिन्न देवल, मन्दिर, कुटीको पुनर्निर्माण पनि हुन सकेको छैन। त्यसैगरि पशुपति मन्दिरभित्र क्षति भएका ९५ वटा सम्पदा तथा स्मारकमा २० वटा साना सम्पदाको पुनर्निर्माण अझै हुन बाँकी रहेको छ। विश्व सम्पदा सूचिमा सूचिकृत र आफ्नो छुट्टै महत्व बोकेको स्वयम्भुनाथ मन्दिरभित्र पनि थुप्रै सम्पदाहरूलाई भूकम्पले क्षति पुऱ्याएको थियो। देशै भरी गरेर भूकम्पले क्षति पुऱ्याएका मध्ये ४२० वटा सम्पदाहरू पुनर्निर्माण भएका छन्।

## आपतकालीन रूपमा ब्याजदर घटाउँदै

एजेन्सी

अमेरिका

विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड( १९) सँग लड्न अमेरिकी केन्द्रीय बैंक फेडेरल रिजर्भ (फेड)ले आपतकालीन रुपमा ब्याजदर घटाउँदै करिब शून्यमा झारेको छ। साथै अर्थतन्त्रमा परेको असर न्यूनीकरणका लागि ७ खर्ब डलरको आर्थिक सहायता कोषको पनि घोषणा गरिएको छ। अमेरिकाको यो कदम बेलायत, जापान, यूरोक्षेत्र, क्यानडा र स्वीट्जर ब्याजदर शून्य दशमलव ५ प्रतिशत अंकले घटाउने निर्णय गरेको थियो। यो सन् २००८ वित्तीय संकटयता गरिएको पहिलो आपतकालीन ब्याजदर कटौतीको निर्णय थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फेडको यो निर्णयले आफूलाई निकै खुसी बनाएको बताएका छन्। पछिल्लो समय कोरोना भाइरसको महामारी फैलिएसँगै शेयर बजार पनि उल्लेख्य मात्रामा घटेका छन्। आइतबारको घोषणासँगै फेडले अन्य मुलुकका केन्द्रीय बैंकसँग वाणिज्य बैंकहरुलाई



ल्याण्डसँग गरिएको सहकार्यको एक भाग हो। फेडका प्रमुख जेरोम पावेलले महामारीले अमेरिकाको अर्थतन्त्रमा नकारात्मक असर कम गर्न यो योजना ल्याइएको बताए।

उनकाअनुसार ब्याजदर शून्यदेखि ०.२५ को बीचमा राख्ने निर्णय भएको छ। यसअघि गत मार्च ३ मा पनि फेडले आपतकालीनरुपमा डलरको उपलब्धता बढाउन सहकार्य गर्नेछ। विश्लेषकहरुले अमेरिकाको यो निर्णयले आर्थिक स्थायित्वको लागि सहयोग पुग्न सक्ने बताएका छन्। यसअघि पनि अमेरिकी संसद् र राष्ट्रपति कार्यालयले पनि आवश्यक मात्रामा कर कटौती नगरेको भन्दै फेडको आलोचना गर्दै आएका थिए।

## साताको भाग्यफल

| | | |
|---|---|---|
| | मेष : | शुभ समाचार सुन्न पाइनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। वाहन लाभको योगपनि छ। मध्य सातामा नजिकका व्यक्तिबाट कार्यमा बाधा आउनेछ। |
| | वृष : | कार्य सम्पादनमा समस्या आउला। नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन। वैदेशिक क्षेत्र कमजोर रहनेछ। सामान हराउने वा चोरी हुने भयछ। साताको अन्त्यमा रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। |
| | मिथुन : | यो साता सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ। रमाइलो यात्राको योग रहेको छ। मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। वाहन लाभ पनि हुनेछ। मध्य सातामा विचार पुर्‍याएर निर्णय लिनु राम्रो होला। |
| | कर्कट : | यो साता रोकिएका अधुरा काम पुनः सुरु हुन सक्छन्। धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। ठूला व्यक्तिले तपाईंको मेहनतको प्रसंसा गर्नेछन्। मित्र जनको साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुनेछ। फलदायी यात्रा र शुभकार्यको चर्चा चल्नेछ। |
| | सिंह : | यो साता शुभकार्यको चर्चा चल्नेछ। मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्धुबान्धव र दाजुभाइको सहयोग लिनसकिनेछ। लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन्। |
| | कन्या : | यो साता मनमा वैराग्यको भावना पलाउन सक्छ। नियमित खर्चसमेत बढ्ने योग छ। व्यवसायमा मन्दी आउनेछ। सामान हराउने वा चोरी हुने सम्भावना छ। सोमवारबाट धन र व्यवहारमा फाइदा हुनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| | तुला : | अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भाईनेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ। चिताएको कामले तीव्रता लिनेछ। अतिथिका रूपमा सम्मान पाइनेछ। साताको अन्त्यमा घरायसी कामधन्दाका लागि खट्नु पर्नेछ। झंझटीलो कार्यमा समय खेरा जाला। |
| | वृश्चिक : | यो साता धार्मिक र सांस्कृतिक र शुभ कार्यमा सरिक हुने सम्भावना छ। स्वादिष्ट भोजनपनि पाईनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। आफन्त संग रमणीय र सुखद् यात्राको योग छ। मध्य सातामा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। एक किसिमको निरसतापनि आउन सक्छ। |
| | धनु : | यो साता नयाँ र शुभकार्यको चर्चा चल्नेछ। कामगर्ने जोश,जाँगर र हिम्मत बढ्नेछ। मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। तिर्थाटनको योगपनि रहेको छ। साताको अन्त्यमा ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। |
| | मकर : | स्फूर्ति र उमङ्गको कमी हुनेछ। कार्मक्षेत्रपनि घर्षशील रहनेछ। सौन्दर्यतामा धन खर्चपनि हुनेछ। जीवनसाथी संग राय बाजिनेछ। विहिवारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ। |
| | कुम्भ : | बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ रोकिएको धन हाता पर्न सक्छ र सुखद् यात्राको योगपनि छ। |
| | मीन : | यो साता आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। धार्मिक,सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। वाणिज्य क्षेत्रबाट विशेष लाभ रहनेछ। परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ। |

जिल्ला प्रशासन कालिकोट द.नं.१२/०७३/०७४ 'ख' वर्गको पत्रिका www.missionenews.com जि.हु.का. द.नं. ४/०७३/०७४

मिसन न्यूज
www.missionenews.com



# पर्यटनको सम्भावना बोकेको..................

मनोरञ्जनका दृष्टिकोणले पनि त्यतिकै महत्वपूर्ण मानिन्छ तर यति धेरै सम्भावनहरू भएर पनि त्रिवेणीपाटन विकासको पर्खाइमा रहेको छ। त्रिवेणी पाटन विकासमा पछि पर्नुको कारण भने स्थानीय आफै जागरुप नहुनु र राज्य उदासिन रहनु हो। सान्नित्रिवेणी गाउँपालिकालाई पर्यटकीयक्षेत्रका रुपमा विकास गर्नका लागि स्थानीय सरकारले तदारुकता देखाएको सान्नित्रिवेणी गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर शाहीले बताए। उनले भने, 'त्रिवेणी पाटनको विकासका लागि त्रिवेणीसम्म मोटरबाटो निमार्णका लागि अहिले प्रदेश सरकारले २ करोड रकम दिएको छ।' यो वर्ष मोटरबाटो निमार्ण र आगामि २ वर्षभित्र यहाँको प्रचार प्रसार गरि आवश्यक पुर्वाधार निमार्ण गरि त्रिवेणी पाटनलाई कर्णालीकै मुख्य पर्यटकीय गन्तव्यका रुपमा विकास गर्नेछौं।

**बजार अनुगमन वा गुनासोको आधारमा हुने निरिक्षणका बखत उल्लेखित विषयहरु पालना नगरेको र लापरवाहिपुर्ण क्रियाकलाप भएको पाइएमा उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार कारवाहि हुने व्यहोरा सुचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

**पचालझरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

सम्पर्क ठेगाना
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

# दुर्घटना वीमा कार्यक्रम ..................

लाग्ने मूल्य अभिवृद्धि कर समेत एकमुष्ट रुपमा प्रदेश सरकारले बीमा कम्पनीलाई भुक्तानी गर्ने गरी अघि बढेका हौं।' बीमा गरिने बीमालेखले अग्नि, भूकम्प, बाढी र जलमग्न, पहिरो र जमिन धसिने वा भाँसिने, हावाहुरी तथा आँधीबेरी र असिना, चट्याङ्ग, हवाई जहाजबाट हुने क्षति, समाघातको अतिरिक्त प्रदान गर्नेछ। तर युद्ध वा गृहयुद्धबाट हुने हानी नोक्सानीविरुद्ध सुरक्षण प्रदान गर्ने छैन। बीमितको बीमा गरिएको भवन बीमालेखले रक्षावरण गरेको जोखिम भएको कारण क्षति हुन जाँदा बीमित वा निजको परिवारको बढीमा ५ सदस्य समेतको सोही दुर्घटनाको कारण मृत्यु भएमा ५ लाखको दरले अतिरिक्त क्षतिपूर्ति प्रदान गर्नेछ। सम्झौता अन्तर्गत बीमा गरिएका व्यक्ति तथा निजी भवन बीमक कम्पनीले ग्रहण गरेको जोखिमको निर्दिष्ट कारणबाट हानी नोक्सानी हुन गई सोको क्षतिपूर्ति बीमक कम्पनीले गर्नुपरेमा बीमा गरिएको व्यक्ति तथा भवन कहिले र के कारणले मृत्यु वा क्षति भएको हो मिति, समय, स्थान र कारण देखाई घटना भएको मितिले १५ दिनभित्र बीमक कम्पनीलाई तोकिएको ढाँचामा लिखित जानकारी दिनुपर्ने व्यवस्था गरिएको छ। बीमा कम्पनी सम्बन्धित जिल्लामा नभएमा इन्टरनेट वा अन्य माध्यमबाट समेत लिखित जानकारी दिनुपर्नेछ तर सम्पत्तिरघर बीमाको हकमा, बीमक कम्पनीले लिखित जानकारी पाएको ५ दिनभित्र क्षति मूल्यांकनको लागि बीमा समितिबाट इजाजत प्राप्त सर्भेयर खटाइसक्नुपर्नेछ वा दाबी नलाग्ने भए बीमितलाई ५ दिनभित्र लिखित जानकारी दिनुपर्ने व्यवस्था गरिएको छ। बीमक कम्पनीले खटाएको सर्वेयरले क्षतिको निरीक्षण तथा मूल्यांकन गरिसकेपछि प्रतिवेदन तयार गर्नका लागि बीमितले तोकिएको ढाँचाको दाबी फाराम भरी भवन रहेको जग्गाको लालपूर्जाको प्रमाणित प्रतिलिपि वा प्रयोगको निस्सा, स्वीकृत भवनको नक्साको प्रमाणित प्रतिलिपी वा निस्सा, नागरिकताको प्रमाणित प्रतिलिपि, मर्मत लागत अनुमान, सम्बन्धित स्थानीय तह र नजिकको प्रहरी कार्यालयको सिफारिस, सम्पूर्ण जानकारीसहित कम्पनीले उपलब्ध गराएको दाबी फाराम, विवरण र कागजात सर्भेयरलाई बुझाउनुपर्नेछ भने कागजात प्राप्त गरेको १५ दिनभित्र सर्भेयरले सर्भे प्रतिवेदन बीमक कम्पनीलाई बुझाउनुपर्ने व्यवस्था गरिएको मन्त्री भण्डारीको भनाई छ। 'सर्भेयरले प्रतिवेदन बुझाएको १५ दिनभित्र बीमकले प्रदेश सरकारमार्फत बीमितले पाउने सम्पूर्ण रकम भुक्तानी गर्नुपर्ने, विपद् जोखिम सामूहिक दुर्घटना बीमाको हकमा, बीमा दाबी प्राप्त गर्नको लागि बीमितले तोकिएको ढाँचा बमोजिमको दाबी फाराम भरी विवरण र कागजात बुझाएको १५ दिनभित्र बीमकले प्रदेश सरकारमार्फत रकम भुक्तानी गर्नुपर्ने व्यवस्था पनि गरिएको छ,' मन्त्री भण्डारीले भने, 'त्यसका लागि मृतकको पोस्टमार्टम रिपोर्ट, नाता प्रमाणित प्रमाणपत्र, हकवालाको नागरिकताको प्रमाणित प्रतिलिपि, मृत्युदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सम्बन्धित स्थानीय तह र नजिकको प्रहरी कार्यालयको सिफारिस र सम्पूर्ण जानकारीसहित कम्पनीले उपलब्ध गराएको दाबी फाराम पेश गर्नुपर्ने प्रावधान कायम गरिएको छ। विगतमा वीमा प्राप्त गर्ने प्रक्रिया झन्झटिलो भइरहेको भनिएपनि उक्त प्रक्रियालाई छिटो छरितो बनाई सिइयो अर्यालले दाबी गरे।

## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं।

हाम्रा विशेषता
- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्री उत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत